श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७८।०७९ सालको निर्णय नं. १६९

पुनरावेदन नं. ०७७-RB-०१३३

मुद्दाः– भन्सार वर्गीकरण (M18607) ।

काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका वडा न.११ थापाथली स्थित आहाना इन्टरप्राइजेज प्रा.लि.को तर्फबाट अख्तियारप्राप्त ऐ.का अध्यक्ष पारस शाक्य ..........१ } पुनरावेदक प्रतिवादी

विरुद्ध

वीरगन्ज भन्सार कार्यालय पर्सा..........१
भन्सार विभाग त्रिपुरेश्वर काठमाण्डौ..........१ } प्रत्यर्थी वादी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- वीरगन्ज भन्सार कार्यालय, पर्सा

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख भन्सार प्रशासक श्री ढुण्डी प्रसाद निरौला

शुरु कार्यालयको निर्णय मितिः– २०७७/०३/२९

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः-विद्वान अधिवक्ताद्धय श्री तेजेन्द्र गिरी र श्री शिर्षक घिमिरे

प्रत्यर्थीका तर्फबाटः- विद्धान सहायक न्यायाधिवक्ता श्री विकाश बन्जारा

**अवलम्बित नजीरः** × ने.का.प.२०६७, अंक१, नि.नं.८३०५

वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज पर्साबाट भएको मिति २०७६/१२/०७ को वर्गीकरण भन्सार विभागका महानिर्देशक समक्ष पेश भई भन्सार विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(५) बमोजिम भनी फैठारीकर्ताको तर्फबाट पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

## तथ्य खण्ड

१. पैठारीकर्ता श्री AAHANA ENTERPRISES PVT.LTD., KATHMANDU ले भारतको निर्यातकर्ता NUTRICIA INTERNATIONAL PVT. LTD. PATNA, INDIA बाट खरिद गरी पैठारीका लागि ल्याएको FAREX ब्राण्डको मालवस्तुहरुलाई भन्सार विभागबाट जारी भएको भन्सार एकीकृत दरबन्दी २०७६/७७ को भाग १९ को शीर्षक १९.०१ को उपशीर्षक १९०१.१०.०० अन्तर्गत पर्ने भनी घोषणा गरी पैठारीकर्तालेे जाँचपासका लागी मिति २०७६।१२।०२ मा पेश गरेको।

२. वर्गीकरणको विषयमा पैठारीकर्ता श्री AAHANA ENTERPRISES PVT.LTD.लाई चित्त नबुझेको हुँदा श्री AAHANA ENTERPRISES PVT.LTD (EXIM CODE No. 6042510040116NP) ले प्रज्ञापनपत्र नं. M 18607 भारतको निर्यातकर्ता NUTRICIA INTERNATIONAL PVT. LTD. PATNA, INDIA को INVOICE NO BR0011703888, BR0011703889 DATED: 28.02.2020 बाट FAREX 1 INFANT FORMULA 400GM TIN NEW, FAREX 3 FLOOW UP FORMULA 400GM BIB NEW, FAREX2 FOLLOW UP FOMULA 400G BIB NEW को H.S. CODE 1901.10.00 बाट भइरहेको र हाल द्विविधा भएको हुँदा सो मालवस्तुको धरौटी राखी H.S. CODE सोही अनुसार वर्गीकरण गरी पाउँ भनी पैठारीकर्ताले वीरगञ्ज भन्सार कार्यालय, वीरगञ्ज पर्साका प्रमूख भन्सार अधिकृत समक्ष मिति २०७६।१२।०७ मा पेश गरेको पत्र।

३. प्रस्तुत पैठारीकर्ताले आयात गरेको उल्लिखित मालवस्तुलाई भन्सार उपशीर्षक नं. 1901.10.00 वाट घोषणा गरी जाँचपासको लागि पेश गरेकोमा भौतिक परीक्षण गर्दा उक्त मालवस्तु शिशु वा साना केटाकेटीको प्रयोगको लागि उपयुक्त परिकार जस्तो नभई उपशीर्षक नं. 0402.29.00 अन्तर्गत पर्ने Milk powder रहेको साथै Nutritional Information मा Milk fat को मात्रा र Ingredients मा Partially skimmed milk भनी उल्लेख भएको हुँदा हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणालीको व्याख्यात्मक टिप्पणी अनुसार यस्ता प्रकृतिका मालवस्तुहरु भन्सार उपशीर्षक नं. 0402.29.00 अन्तर्गत वर्गीकरण हुन सक्ने देखिएकोले सो उपशीर्षकमा नियमानुसार लाग्ने महसुल वुझाउन सम्बन्धित पैठारीकर्तालाई अनुरोध गरिएकोमा निज कार्यालयको रायमा सहमत हुन नसकी पैठारीकर्ताको घोषित भन्सार संकेत नं. र कार्यालयले दावी गरेको संकेत नं. विचमा द्विविधा भएको हुँदा भन्सार उपशीर्षक नं. 0402.29.00 वाट लाग्ने महसुल धरौटी राखी जाँचपास गरिएकोले उक्त मालवस्तुको भन्सार उपशीर्षक स्पष्टताका लागि कार्यालयको राय सहित भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (६) वमोजिम वस्तु वर्गीकरणको लागि महानिर्देशकज्यू, भन्सार विभागमा लेखि पठाउने शुरू कार्यालय, विरगंज भन्सार कार्यालयको मिति २०७६।१२।२५ को निर्णय।

४. पैठारीकर्ता श्री आहाना इन्टरप्राइजेज प्रा.लि. (स्थायी लेखा नं ६०४२५१००४) काठमाण्डौंले आयात गरेको उल्लिखित मालवस्तुलाई भन्सार उपशीर्षक नं. 1901.10.00 वाट घोषणा गरी जाँचपासको लागि पेश गरेकोमा भौतिक परीक्षण गर्दा उक्त मालवस्तु शिशु वा साना केटाकेटीको प्रयोगको लागि उपयुक्त परिकार जस्तो नभई उपशीर्षक नं. 0402.29.00 अन्तर्गत पर्ने Milk powder रहेको साथै Nutritional Information मा Milk fat को मात्रा र Ingredients मा partially skimmed milk भनी उल्लेख भएको हुँदा उक्त मालवस्तु भन्सार उपशीर्षक नं. 0402.29.00 अन्तर्गत वर्गीकरण हुने देखि पैठारीकर्ताको घोषणा कार्यालयको दावीमा द्विविधा भई हाल उक्त मालवस्तुको भन्सार उपशीर्षक नं. 0402.29.00 वाट लाग्ने महसुल धरौटी राखी जाँचपास गरि कार्यालयको राय सहित आवश्यक कागजात संलग्न गरी वर्गीकरणको लागि पठाइएको छ भन्ने मिति २०७६।१२।२५, च.नं.२६६८ को वीरजङ्ग भन्सार कार्यालय, वीरगञ्ज पर्साबाट भन्सार विभागका महानिर्देशकलाई लेखेको पत्र।

५. यसमा कार्यालयको राय, वर्गीकरण तथा पुनरावलोकन शाखाको राय, प्रयोगशाला शाखाको परीक्षण प्रतिवेदन समेतका आधारमा हार्मोनाइज्ड वस्तु वर्गीकरणको व्याख्या सम्बन्धी सामान्य नियमहरुको नियम १ र ६ बमोजिम नमूनाको रुपमा प्राप्त FAREX नाम गरेको मालवस्तुमा २० प्रतिशत फ्याटको मात्रा रहेको, गुलियो पदार्थ हालिएको, धूलो रुपमा पैठारी भएको शिशु वा बच्चाहरुलाई खुवाउन मिल्ने दूध भएको देखिएकोले शीर्षक ०४.०२ अन्तर्गत उपशीर्षक ०४०२.२९.०० (आर्थिक ऐन, २०७७ वमोजिम ०४०२.२९.१०) बाट वर्गीकरण गर्ने गरी भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (७) वमोजिम उपशीर्षक तोकिएको भन्ने मिति २०७७।०३।२९ मा भन्सार विभागका महानिर्देशकबाट भएको निर्णय पर्चा।

६. प्रस्तुत विषयमा श्री वीरगन्ज भन्सार कार्यालयको प.सं. ०७६।०७७, च.नं. २६६८, मिति २०७६।१२।२५ को पत्रबाट वर्गीकरणका लागि प्राप्त भएको संलग्न निर्णय विवरण वमोजिम FAREX भनिएको नमूना अनुसारको मालवस्तुलाई उपशीर्षक ०४०२.२९.०० (आर्थिक ऐन, २०७७ अनुसार उपशीर्षक ०४०२.२९.१०) बाट वर्गीकरण गर्ने गरी भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (७) वमोजिम उपशीर्षक तोकिएको व्यहोरा मिति २०७७।०३।२९ को निर्णयानुसार अनुरोध छ भन्ने भन्सार विभाग, वर्गीकरण तथा पुनरावलोकन शाखा त्रिपुरेश्वर, काठमाडौंको च.नं. वर्गीकरण/०७६/७७,म.व.टि.फा.८३/२०७६/७७/१५२६,मिति २०७७।०३।३१ को परिपत्र।

७. वीरगंज भन्सार कार्यालयबाट आहाना इन्टरप्राइजेज प्राइभेट लिमिटेडले सन् १५ मार्च २०२० (मिति २०७७।१२।०२) मा पेश भएको प्रज्ञापनपत्रमा संशोधन गरी सन् २० मार्च २०२० (मिति २०७७।१२।०७) मा भएको भन्सार वर्गीकरणको आदेश, भन्सार विभागका महानिर्देशकबाट FAREX ब्राण्डको मालवस्तुहरुका सम्बन्धमा मिति

२०७७।०३।२९ मा भएको निर्णय, उक्त निर्णयका आधारमा जारी भएको मिति २०७७।०३।३१मा च.नं.वर्गीकरण ०७६/७७म.व.टि.फा.३/२०७६/७७/१५२६ पत्र भन्सार विभागबाट जारी भएको एकीकृत भन्सार महसुल दरबन्दी आ.व. २०७६/०७७, एकीकृत भन्सार महसुल दरबन्दी आ.व. २०७७।०७८, आर्थिक ऐन, २०७६, आर्थिक ऐन, २०७७, विश्व भन्सार संगठनद्वारा प्रतिपादित हार्मोनाइज्ड वस्तु वर्गीकरण तथा संकेतीकरण प्रणाली, खाद्य ऐन, २०२३, खाद्य ऐन, २०२७, आहारपूरक (डाइटरी सप्लीमेन्ट) खाद्य पदार्थ नियमन कार्यविधि, २०७२ अनुसार जारी भएका सूचना, एवं भन्सार महसुलका सम्बन्धित अन्तर्राष्ट्रिय सिद्धान्त विपरित वीरगंज भन्सार कार्यालय सन् १५ मार्च २०२० (मिति २०७७।१२।०२) मा पेश भएको प्रज्ञापनपत्रमा संशोधन गरी सन् २० मार्च २०२० (मिति २०७७।१२।०७) मा भएको भन्सार वर्गीकरणको आदेश, भन्सार विभागको उक्त मिति २०७७।०३।२९ को निर्णय पर्चा र मिति २०७७।०३।३१ को पत्र खारेज गरि पाउँ भन्ने व्यहोराको पुनरावेदक पैठारीकर्ताले मिति २०७७।०५।२५ मा यस न्यायाधिकरणमा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गर्नु भन्ने यस न्यायाधिकरणबाट २०७७।१०।०९ मा भएको आदेश।

<u>ठहरखण्ड</u>

९. नियम बमोजिम पेशी सूचीमा चढि पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न प्रमाण अध्ययन गरी पुनरावेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्वय श्री तेजेन्द्र गिरी र श्री शिर्षक घिमिरेले भारतबाट प्रज्ञापनपत्र नं. M 18607 बाट आयात गरेको FAREX1, FAREX2 र FAREX3 उत्पादनहरुको अवयवहरुमा वनस्पति चिल्लो पदार्थ पाइन्छ जुन दुधमा प्राकृतिकरुपमा पाइदैन। साथै सो उत्पादनहरुमा व्युटाइरिक एसिड/फ्याटलाई ओलेइक एसिड/फ्याटले प्रतिस्थापन गर्ने गरिन्छ। यो आयातित पदार्थ दुध नभएको प्रष्ट हुँदाहुदै सो कुरालाई नजरअन्दाज गरी वीरगन्ज भन्सार कार्यालयबाट उक्त मालवस्तु ०४०२.२९.०० बाट वर्गीकरण हुने भनी मिति २०७७।१२।०७ मा गरेको निर्णय तथा भन्सार विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा उपशीर्षक ०४०२.२९.१० बाट वर्गीकरण गर्ने भनी भएको निर्णय त्रुटीपुर्ण हुँदा बदर गरी पैठारीकर्ताले दावी गरेको उपशीर्षक १९०१.१० बाट वर्गीकरण गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१०. विपक्षी कार्यालयहरुको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्धान सहायक न्यायाधिवक्ता श्री विकाश वन्जाराले प्रत्यर्थी कार्यालयहरुबाट भएको वर्गीकरणको निर्णय प्रयोगशालाको परीक्षण प्रतिवेदन, हार्मोनाइज्ड वस्तु वर्गीकरणको व्याख्या सम्बन्धी सामान्य नियम १ र ६ वमोजिम भएकोले त्यसमा कुनै त्रुटी छैन।

पैठारीकर्ताले वीरगञ्ज भन्सार कार्यालयको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६१क. वमोजिम भन्सार विभागका महानिर्देशक समक्ष म्याद भित्र पुनरावलोकनको निवेदन नदिई चित्त वुझाई वसेकोमा महानिर्देशकको निर्णय उपर सम्मानित न्यायाधिकरणमा पुनरावेदन लाग्नै नसक्ने हुँदा पुनरावेदन पत्र खारेज हुनपर्छ भनी वहस प्रस्तुत गर्नुभयो।

११. पुनरावेदक पैठारीकर्ताका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज एवं प्रमाणहरुको अध्ययन गरी हेर्दा, यसमा पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा घोषणा गरेको वर्गीकरणलाई मान्यता नदिई भिन्न वर्गीकरण कायम गर्ने गरी भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको माग वमोजिम भन्सार विभागका महानिर्देशकको वर्गीकरण सम्बन्धी निर्णय बदर हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, पुनरावेदक पैठारीकर्ताले पैठारी गरी ल्याएको FAREX भन्सार उपशीर्षक नं. 1901.10.00 वाट पैठारी कर्ताले जाँचपासको लागि पेश गरेकोमा वीरगञ्ज भन्सार कार्यालयले भौतिक परीक्षण गर्दा उक्त मालवस्तु शिशु वा साना केटाकेटीको प्रयोगको लागि उपयुक्त परिकार जस्तो नभई उपशीर्षक 0402.29.00 अन्तर्गत पर्ने Milk Pouder रहेको साथै Nutritional information मा milk fat को मात्र र ingredients मा partially skimmed milk भनी उल्लेख भएको समेत आधारमा उक्त मालवस्तु उपशीर्षक नं. 0402.29.00 अन्तर्गत वर्गीकरण हुने भन्ने वीरगञ्ज भन्सार कार्यालयको निष्कर्ष रहेको देखियो। उक्त उपशीर्षक वमोजिम लाग्ने महसुल वुझाउन पैठारीकर्ताले इन्कार गरेको र सो मालवस्तु धरौटी राखी वर्गीकरण गरी पाउँ भनी मिति २०७५।१२।०७ मा निवेदन दिएको देखियो। वीरगंज भन्सार कार्यालयले मिति २०७६।१२।२५ च.नं.२६६८ बाट पैठारीकर्ताको घोषणा र कार्यालयको दावीमा द्विविधा भएको भनी भन्सार ऐन, २०६४ को दफा २२ को उपदफा (६) वमोजिम वर्गीकरणको लागि भन्सार विभागका महानिर्देशक समक्ष पठाएको भए पनि पैठारीकर्ताले शुरु वीरगंज भन्सार कार्यालयको मिति २०७६।१२।०७ को निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६१क. वमोजिम भन्सार विभागका महानिर्देशक समक्ष पुनरावलोकनको निवेदन नदिइ चित्त बुझाइ बसेको देखिन आउँछ। मालवस्तुको वर्गीकरण उपर पुनरावलोकनको व्यवस्था सम्बन्धमा भन्सार ऐन, २०६४ को दफा ६१क. को उपदफा (१) मा "भन्सार अधिकृतले दफा २२ बमोजिम गरेको मालवस्तुको वर्गीकरण उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो मालवस्तु जाँचपास भएको मितिले तीस दिनभित्र पुनरावलोकनको लागि महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था बमोजिम पुनरावेदकले M18607 बाट पैठारी गरेको मालबस्तुको सम्बन्धमा शुरु वीरगन्ज भन्सार कार्यालय, पर्साबाट भएको मिति २०७६।१२।०७ को वर्गीकरणको निर्णय उपर

चित्त नवुझेकोले पुनरावलोकनको निवेदन दिन लकडाउनको अवस्थाले गर्दा समय अवधि भित्र गर्न सक्ने अवस्था नभएकोले सो प्रक्रियाको म्याद थप गरी पाउँ भनी मिति २०७५।१२।२७ मा भन्सार विभागका महानिर्देशक समक्ष निवेदन दिएको सम्म देखिए पनि उक्त निवेदनमा कुनै कारवाही भई म्याद थप भएको वा कानून वमोजिम पैठारीकर्ताले पुनरावलोकनको निवेदन दिइ कारवाही भएको भन्सार विभागबाट प्राप्त सक्कल फाइलबाट देखिन आएन। यसरी शुरु वीरगंज भन्सार कार्यालयको निर्णय उपर पुनरावलोकनको निवेदन नै नदिई चित्त वुझाइ वसेका पुनरावेदकले विभागका महानिर्देशकबाट मिति २०७७।०३।२९ मा FAREX भनिएको नमूना अनुसारको मालवस्तुलाई भन्सार उपशीर्षक ०४०२.२९.०० बाट वर्गीकरण गर्ने गरी निर्णय भई मिति २०७७।०३।३१ मा सवै भन्सार कार्यालयहरुलाई कार्यान्वयनको लागि पत्राचार भए पश्चात मात्र भन्सार ऐन, २०६४ को दफा ६२ को उपदफा (५) वमोजिम सिधै यस न्यायाधिकरणमा मिति २०७७।०५।०७ मा यो पुनरावेदन गरेको देखियो। यस विषयमा पुनरावेदक तर्फका विद्वान अधिवक्ताहरुले वहसको क्रममा शुरु वीरगंज भन्सार कार्यालयको निर्णयमा पुनरावलोकनको निवेदन भन्सार विभागका महानिर्देशक समक्ष दिन सकिने कुरा उल्लेख नभएको र पैठारीकर्ताले लकडाउनको कारण विभागका महानिर्देशक समक्ष तत्काल निवेदन दिन असमर्थ रहेको भन्ने तर्क प्रस्तुत गरेको पाइयो।

१३. पुनरावेदन सम्बन्धी कानूनी व्यवस्था प्रारम्भिक कानूनी प्रश्न रहेको र यो मुद्दाका पक्षको छनौटको विषय नभई कानूनी व्यवस्थाको अक्षरश: पालना गर्नुपर्ने विषय हो। शुरू भन्सार अधिकृतको मिति २०७६।१२।०७ को निर्णयमा पुनरावेदनको सम्बन्धमा केही उल्लेख नभए पनि श्री सर्वोच्च अदालतबाट "*कुनै विषयमा निर्णय गर्ने न्यायिक र अर्धन्यायिक निकायले गरेको निर्णयमा चित्त नबुझेमा सो उपर पुनरावेदन गर्ने हकको सृजना कानूनबाट हुने भएकोले निर्णयमा चित्त नबुझे पुनरावेदन गर्न जान पाउने कुरा उल्लेख नगरेकै कारणले उक्त कानूनी हक मर्दैन*" भनी[1] सिद्धान्त प्रतिपादन भएको पाईन्छ। शुरु निर्णय उपर चित्त नवुझेमा भन्सार विभागका महानिर्देशक समक्ष पुनरावलोकनको निवेदन दिनु पर्ने कानूनी व्यवस्थालाई पुनरावेदनले अन्यथा भन्न नसकेको र लकडाउनको कारण कानूनको म्याद भित्र उक्त प्रक्रियामा जान नसकेको भए लकडाउनको अवस्था समाप्त भएको मितिले कानून वमोजिमको प्रक्रिया पूरा गरी पुनरावलोकनको निवेदन दिनु पर्नेमा त्यस्तो गर्न सकेको पनि देखिएन। यस स्थितिमा शुरु निर्णय उपर चित्त वुझाइ वसेको पैठारीकर्ताले पहिलो तह पुनरावलोकनमा नगइ सिधै दोस्रो तहको पुनरावेदनमा यस न्यायाधिकरणमा आएको स्थिति देखिँदा पैठारीकर्ताको तर्फबाट भन्सार ऐन, २०६४ को दफा ६२(५) वमोजिम

[1] ने.का.प २०६७ अंक १ नि नं८३०५

यस न्यायाधिकरणमा पुनरावेदन दिन मिल्ने नदेखिएकोले यो औचित्यहीन पुनरावेदन पत्रको तथ्य भित्र प्रवेश गरिरहनु पर्ने देखिएन।

१४. तसर्थः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट पैठारीकर्ता आहाना इन्टरप्राइजेज प्रा.लि. काठमाण्डौले invoice No. BR0011703888, BR0011703889 DT 28.02.2020 बाट पैठारी गरेको FAREX भनिएको मालबस्तु भन्सार उपशीर्षक नं. 0402.29.00 अन्तर्गत बर्गीकरण गरी लाग्ने महशुल धरौटीमा राखी जाँचपास गर्ने गरी वीरगन्ज भन्सार कार्यालयबाट मिति २०७६।१२।०७ मा भएको निर्णय उपर पुनरावेदक पैठारीकर्ताले भन्सार ऐन, २०६४ को दफा ६१क. बमोजिम पुनरावलोकनको लागि भन्सार विभागका महानिर्देशक समक्ष निवेदन गरेको मिसिलबाट नदेखिँदा भन्सार विभागका महानिर्देशकले मिति २०७७।०३।२९ मा गरेको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ बमोजिम यी पुनरावेदक पैठारीकर्ताको यस न्यायाधिकरणमा पुनरावेदन पत्र लाग्न सक्ने नदेखिएकोले प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु।

<u>तपसिल खण्ड</u>

१. प्रस्तुत मुद्दा खारेज हुने ठहरेकाले फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनु।
२. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
३. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी शुरु मिसिल वीरगन्ज भन्सार कार्यालय पठाईदिनू।
४. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

पुष्पप्रसाद गुरागाई
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलास अधिकृतः श्री भिष्म भट्टराई
इतिसम्बत २०७९ साल कार्तिक ३ गते रोज ५ शुभम..............................
प्रमाणिकरण मितिः-
फैसला प्रमाणिकरण गर्नेः-

राजस्व न्यायधिकरण काठमाण्डौको छाप